# फिलाडेल्फिया बिद्यालय जिल्ला

फिलाडेल्फिया, पेन्सिल्भेनिया १९१३०

अक्टोबर १०, २०१४

प्यारा आमा बुवा वा अभिभावकहरु:

अगस्ट २०, २०१३ मा पेनसिल्भेनिया शिक्षा बिभागले १९६५को प्राथमिक र उच्च माध्यमिक शिक्षा ऐनलाई २००१ सालको “नो चाइल्ड लेफ्ट बिहाइण्ड” एन परिवर्तन गरेको अनुसार १० वटा आवश्यकताहरुबाट अधित्याग प्राप्त गरेको छ। टाइटल १ बिद्यालयमा भर्ना भएका विद्यार्थीहरुको आमा बुवा वा अभिभावकहरुलाई बिद्यालयको शैक्षिक सफलता र पेन्सिल्भेनिया राज्यको अधित्याग अनुसारको पदनाम को बारे सुचना दिन यि ऐनले आवश्यक बनाउँछ। पेन्सिल्भेनिया राज्यको अधित्यागको अनुसार तपाईंको बालकलाई प्रदान गरिएका बिकल्पहरुको बारे थप जानकारी प्रदान गर्न र यो अधित्याकले तपाईंको बालकलाई कसरी असर गर्छ भनेर बुझाउन यो पत्र पठाइएको हो।

२०१३-२०१४ सालको शैक्षिक बर्ष देखी फिलाडेल्फिया शिक्षा बिभागले बिद्यालयको सुधार पदनाम निर्धारित गर्न पर्याप्त वार्षिक प्रगतीको प्रयोग गर्ने छैन। त्यस्को साटो ऐनहरुको अधित्यागको अनुसार बिद्यालयको पदनाम निर्धारित गर्न नाप गर्न मिल्ने चार वटा वार्षिक उधेश्यहरु प्रयोग गर्ने छ। यि उधेश्यहरुमा यि कुराहरु सम्मिलित छन्।

१. परिक्षामा भाग लिने दर
२. स्नातक वा उपस्थिती दर
३. सम्पूर्ण विद्यार्थीहरुको लागी सफलताको असमानता कम गर्ने
४. इतिहासिक रुपमा प्रदर्सनी नगर्ने विद्यार्थीहरुको लागि सफलताको असमानता कम गर्ने

बिद्यालय सुधार पदनामको सट्टामा टाइटल १को बिद्यालय पदनामको लागि यि नयाँ उधेश्यहरुको प्रयोग गरिन्छ। टाइटल १ बिद्यालयहरुको नयाँ पदनामहरु यि हुन:

- प्राथमिकता
- ध्यान केन्द्र
- पुरस्कार - धेरै प्रगती
- पुरस्कार - ठुलो सफलता

यि पदनामको लागि कृपया दिइएको पत्रको मापदण्ड हेर्नु होला। माथि दिइएको पदनाम बाहेक केही बिद्यालयहरुलाई पदनाम बिना टाइटल १ को पदनाम पनि प्रदान गरिन्छ।

सम्पूर्ण राज्य भरीको सार्वजनिक बिद्यालयले १०० अंकमा आधारित बिद्यालय प्रदर्सनी प्रोफाइल प्राप्त गर्छ। यो अंकलाई बिद्यालयको शैक्षिक प्रदर्सनी अंकको रुपमा मानिन्छ। यो मापदण्ड पुरस्कार, प्राथमिकता वा ध्यान केन्द्र

नभएता पनि यसले बिभिन्न नाप द्वारा विद्यार्थीको प्रदर्सनीको बिस्तार गर्छ। यो प्रोफाइलले सफलता सुधार गर्न चाहिने सामाग्रीहरु समर्थन पनि सम्मिलित गर्छ।

हाम्रा विद्यार्थीहरुले प्रगती गरेता पनि हाम्रो बिद्यालयलाई **ध्यान केन्द्र** बिद्यालयको रुपमा तोकिएको छ। सो पदनाम २०१२-२०१३को शैक्षिक बर्षको परिक्षा जानकारीबाट निकालिएको हो र हाम्रो बिद्यालयले सो पदनाम तीन बर्षको लागि सम्म राख्ने छ।

**ध्यान केन्द्र** भएको बिद्यालय भएको खण्डमा हामीले आमा बुवा वा अभिभावक, हाम्रा समुदायका सदस्य र प्रशासन सँग मिली नराम्रो प्रदर्सनी गर्ने विद्यार्थीहरुको प्रदर्सनीको सुधार गर्न बिशेष आवश्यकताहरु प्रती प्रतिक्रिया गर्ने हस्तक्षेपहरु लागु गर्ने र बिद्यालयलाई सुधार गर्ने योजनाको बिकास गर्ने। २०१४-२०१५ सालमा प्रयोग गरिरहेका हस्तक्षेपहरुको बारे जानकारीकोलागि बिद्यालयको स्टाफ सदस्यलाई संपर्क गर्नु होला।

हाम्रो बिद्यालयको प्रदर्सनी प्रोफाइलको बारे थप जानकारी प्राप्त गर्न कृपया यो वेबसाईट जानु होला:
http://paschoolperformance.org/
पेन्सिल्भेनिया बिद्यालय प्रदर्सनी प्रोफाइल वेबसाइटमा जानु भए पछी,

- पनाको तल्लो भागमा सुरु गर्न “Role” of “Parent (In State)” छान्नु होस्
- र बिद्यालयको नाम बाट खोज्नु होस्

विद्यार्थीको सफलताको सुधार गर्ने कृयाकलापहरुमा आमा बुवाहरुले भाग लिन र सहयोग गर्न सफलता योजनाको महत्वपूर्ण भाग हो। बिद्यालय सुधार पहलहरुमा आमा बुवाको रुपमा भाग लिनु हुन्छ र विद्यार्थीको सफलताको मुल्याङ्कन गर्नु हुन्छ भनेर हामी आशा राख्द छौँ। बिद्यालय सुधार कार्यक्रममा भाग लिन इच्छा भएको खण्डमा कृपया बिद्यालयलाई संपर्क गर्नु होला।

आफ्नो बालकको शिक्षालाई दिनु भएको समर्थनलाई धन्यवाद।

इमान्दारिताका साथ,

बिद्यालय प्रधानाध्यापक